# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, जेठ २८ गते, २०७७ साल (अतिरिक्ताङ्क १०(क)


## भाग ५

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

### नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ को दफा ३ मा संशोधन** : नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ (यस पछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ:-

"(ग) दफा ९क. बमोजिम नियुक्त अनुसन्धान निर्देशक (रिसर्च डाइरेक्टर) एक जना -सदस्य"

३. **मूल आदेशमा दफा ९क. थप** : मूल आदेशको दफा ९ पछि देहायको दफा ९क= थपिएको छ :-

"९क. अनुसन्धान निर्देशक (रिसर्च डाइरेक्टर) सम्बन्धी व्यवस्था: (१) नेपाल सरकारले नीति अनुसन्धान प्रतिष्ठानको अनुसन्धान सम्बन्धी कार्यमा अनुसन्धानकर्ता बीच समन्वय गर्नको लागि एक जना अनुसन्धान निर्देशक (रिसर्च डाइरेक्टर) नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त अनुसन्धान निर्देशक (रिसर्च डाइरेक्टर) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विषयगत अनुसन्धानकर्ताको संयोजन गरी अनुसन्धानमा परिचालन गर्ने वा गराउने,

(ख) अनुसन्धानको कार्यमा समितिको निर्णय कार्यान्वयन गर्न अध्यक्षलाई सहयोग गर्ने,

(ग) तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।"

आज्ञाले,
धनराज ज्ञवाली
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६३६३